# कालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १ संख्या ४ चितवन २०७५ असोज २९ गते सोमबार


## भाग–१

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### रेडक्रससग्राम, चितवनको सूचना

कालिका नगर सभाबाट पारित तल लेखिए बमोजिमको कालिका नगरपालिकाको आर्थिक ऐन, २०७४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कालिका नगरपालिकाको आर्थिक ऐन, २०७४

## कालिका नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

कालिका नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मिति:२०७४।०३।३१ को कालिका नगरकार्यापालिकाको प्रथम नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कालिका नगरपालिकाको आर्थिक ऐन,२०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि कालिका नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर :** नगरपालिकाको क्षेत्रभित्र अनुसूची -१ बमोजिम एकिकृत सम्पत्ति कर / घर जग्गा कर लगाईने र असूल उपर गरिने छ ।

३. **कर तथा सेवा दस्तुरः** नगरपालिका कार्यालय, वडा कार्यालयहरु र बिषयगत कार्यालयहरुबाट प्रवाह गरिने सिफारिस तथा अन्य दैनिक प्रशासनीक कार्यको लागि लिईने दस्तुर रकम अनुसूची-२ मा उल्लेख भए बमोजिम लगाईने छ ।

४. **घरबहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहारा, छप्पर, जग्गा वा पोखरी पूरै/ आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिने छ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा

पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ।

६. **सवारी साधन कर:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधानमा अनुसूची - ५ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्वस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची -६ बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिने छ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **पर्यटन शुल्क:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची-७ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्वस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **व्यापारीक वस्तु:** कालिका नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार व्यवसाय तथा पसलहरुबाट बार्षिक रुपमा लिईने कर रकम अनुसूची -८ मा उल्लेख गरे बमोजिम हुनेछ।

१०. **प्राकृतिक साधन उपयोग कर:** कालिका नगरपालिका क्षेत्र भित्रका प्राकृतिक साधन उपयोग गरेबापत लिईने कर अनुसूची -९ मा उल्लेख भए बमोजिम हुनेछ।

११. **सरसफाई शुल्क:** नगरपालिका क्षेत्रभित्र सरसफाई सम्बनधी सेवाशुल्क अनुसूची -१० मा उल्लेख भए बमोजिम हुनेछ।

## अनुसूची -१
## आर्थिक ऐनको दफा-२ सँग सम्बन्धित
## एकीकृत सम्पत्ति करको दर निर्धारण

| क्र. सं. | रकम देखी | रकम सम्म | कर निर्धारण | कै. |
|---|---|---|---|---|
| १ | १ | ५,००,०००।०० | १५०।०० | |
| २ | ५,००,००१।०० | १०,००,०००।०० | ३००।०० | |
| ३ | १०,००,००१।०० | १५,००,०००।०० | ४००।०० | |
| ४ | १५,००,००१।०० | २०,००,०००।०० | ५००।०० | |
| ५ | २०,००,००१।०० | २५,००,०००।०० | ६००।०० | |
| ६ | २५,००,००१।०० | ३०,००,०००।०० | ७००।०० | |
| ७ | ३०,००,००१।०० | ४०,००,०००।०० | ८००।०० | |
| ८ | ४०,००,००१।०० | ५०,००,०००।०० | १,०००।०० | |
| ९ | ५०,००,००१।०० | ६०,००,०००।०० | १,४००।०० | |
| १० | ६०,००,००१।०० | १,००,००,०००।०० | २,०००।०० | |
| ११ | १,००,००,००१।०० | १,५०,००,०००।०० | ४,०००।०० | |
| १२ | १,५०,००,००१।०० | २,००,००,०००।०० | ६,०००।०० | |
| १३ | २,००,००,००१।०० | २,५०,००,०००।०० | ९,०००।०० | |
| १४ | २,५०,००,००१।०० | ३,००,००,०००।०० | १२,०००।०० | |
| १५ | ३,००,००,००१।०० | ४,००,००,०००।०० | १५,०००।०० | |
| १६ | ४,००,००,००१।०० | ५,००,००,०००।०० | २०,०००।०० | |
| १७ | ५,००,००,००१।०० | भन्दा माथि जति भएपनि ०.०५ प्रतिशत | | |

**जग्गाको मूल्याङ्कन सम्बन्धमाः**

१) जुटपानी पदमपुर सिमाना सडक,पदमपुरको १ नं. सडक,गडुवा चोकदेखि लङ्कालाईन हुदै खोलेसिमल सडक,जुटपानी बजार क्षेत्र, प्रहरी चौकी देखि वसपार्कसम्म, कालोपत्रे भएको सबै सडक र शक्तिखोर बजार क्षेत्र वडा नं.९ को वडा कार्यालय देखि पूर्व पुलसम्मको दायाँ बायाँको घडेरी योग्य जग्गा प्रति कठ्ठा रु. १०,००,०००।-

२) वडा नं.१ देखि ७ सम्मका अन्य सडकहरुको दायाँ बायाँको घडेरी योग्य जग्गा प्रति कठ्ठा रु. ५,००,०००।–

३) वडा नं.१देखि ११ सम्मको बाटो भएको खेतीयोग्य जग्गा प्रति कठ्ठा रु.३,००,०००।-

४) वडा नं.१देखि ७ सम्मको बाटो नभएको खेतीयोग्य जग्गा प्रति कठ्ठा रु.२,००,०००।-

५) वडा नं.८ देखि ११ सम्मको बाटो नभएको खेतीयोग्य जग्गा प्रति कठ्ठा रु.१,००,०००।–

६) वडा नं. ९,१० र ११ को पाखो र खोरिया प्रति कठ्ठा रु.५०,०००।-

७) बजार क्षेत्रको घडेरी योग्य जग्गा,खोलेसिमल बजार क्षेत्र, पेट्रोल पम्प देखि उत्तर कमलचोक सम्मको दायाँ बायाँको घडेरी योग्य जग्गा प्रति कठ्ठा रु.२०,००,०००।- वडा नं. ६

८) पदमपुर बजार क्षेत्र क्लबचोक देखि प्रकाश मेडिकल सम्म दायाँ बायाँको घडेरी योग्य जग्गा प्रतिकठ्ठा रु. १५,००,०००।- (वडा नं.२, ६ र ७)

**भौतिक संरचनाको मूल्याङ्कनः**

| क्र.सं. | संरचनाको प्रकार | प्रति व.फि.रु. |
|---|---|---|
| १ | सिमेन्टको जोडाईमा इट्टा वा ढुङ्गाको गाह्रो भएका RCC घर | १,२००।- |
| २ | वाल नलगाई फ्रेम मात्र बनाएका RCC घर | १,०००।- |
| ३ | सिमेन्टको जोडाईमा इट्टा वा ढुङ्गाको गाह्रो भएको जस्ता वा टायलको छाना | ९००।- |
| ४ | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गाह्रो RCC छाना | ८००।- |
| ५ | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गाह्रो, टीन वा टायलको छाना भएको घर | ६००।- |
| ६ | काठै काठले बनेको जस्ताको छाना भएको घर वा काठको खम्बा र इट्टाले घेरेको जस्ता वा टाली छाना भएको घर वा बाँसको बेरा भएको टिन वा खरको छाना भएको घर वा सेन्टरबेरा भई जस्ताको छाना भएका घरको एकमुष्ट मूल्याङ्कन प्रति घर | २,००,०००।- |
| ७ | (माथि उल्लेखित करको दायरामा नआएकाहरुको हकमा) भौतिक पूर्वाधार सेवा उपयोग शुल्क | २००।- |

| भौतिक संरचनाको वर्गिकरण/अयु | व्यापारिक क्षेत्र/व.फि.रु. | आवासीय क्षेत्र/व.फि.रु. | कृषि क्षेत्र / व.फि.रु. | भौतिक संरचनाको आयु र ह्रासकट्टी दर प्रतिशतमा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०-५ | ५-१० | १०-१५ | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० |
| पक्की आर सी.सी. / ७५ | १२०० | ११५० | ११०० | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७७ |
| पिल्लरमा ढलान/५० | १००० | ९५० | ९०० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७८ | ८० |
| माटो जडान ढलान/५० | ८५० | ८०० | ७५० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८१ | ८३ |
| पिल्लरमा जस्ताछाना/४० | ७५० | ७०० | ६५० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | ७१ | ७५ | ७८ | ८१ | ८४ | ८६ |
| पिल्लर नभएको जस्ताछाना/४० | ५०० | ४५० | ४०० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | ७४ | ७८ | ८१ | ८४ | ८६ | ८८ |
| ढुङ्गामाटो जस्ता स्लेट/३० | ४४० | ४०० | ३५० | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | ७३ | ७७ | ८० | ८३ | ८६ | ८८ | ९० |
| कच्चि खरकोछाना/२० | २०० | २०० | २०० | १९ | ३४ | ४७ | ५७ | ६५ | ७२ | ७७ | ८१ | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ |

# अनुसूची - २

## करका दरहरु

**(क)**

| क्र.स. | विवरण | दस्तुर | कै. |
|---|---|---|---|
| १ | सिफारिश | २००।०० | |
| २ | नाता प्रमाणित | ३००।०० | |
| ३ | अँग्रेजी सिफारिश जुनसुकै नाताप्रमाणित समेत | ५००।०० | |
| ४ | राहदानी सिफारिस (भारतको लागि) | ५००।०० | |
| ५ | घरजग्गा नामसारी हकवाला प्रमाणित | ५००।०० | |
| ६ | घरजग्गा नामसारीका लागि बसोवास योग्य पिच तथा ग्रावेल मोटरबाटो भीरपाखा | ५००।००/३००।०० प्रति एक विगाहासम्म साथै प्रति विगाहा थप दस्तुर रु १००।०० | |
| ७ | दान तथ बकस पत्र सिफारिश दस्तुर | १,०००।०० | |
| ८ | घर कायम सिफारिश<br>क. पक्की घर कायम<br>ख. कच्ची घर कायम | <br>५००।००<br>३००।०० | |
| ९ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिश | ५००।०० | |
| १० | सङ्घ संस्था दर्ता सम्बन्धी सिफारिश | १,०००।०० | |
| ११ | निजी जग्गाको काठ कटानी | १,५००।०० | |
| १२ | निजी जग्गाको कुकाठ निकासी | प्रति क्यू.फि. ५०।०० | |
| १३ | दाउरा | प्रति चट्टा २,०००।०० | |
| १४ | सामुदायिक वनमा काठ सिफारिस | २००।०० | |
| १५ | पशु चौपाया निकासी (प्रति चौपाया) गाई, गोरु | ३००।०० | |
| १६ | बंशजको नागरिकता फारम दस्तुर | २००।०० | |
| १७ | नागरिकता प्रतिलिपि सम्बन्धी सिफारिस | १००।०० | |

| क्र.स. | विवरण | दस्तुर | कै. |
|---|---|---|---|
| १८ | अङ्गिकृत नागरिकता सम्बन्धी सिफारिश | २,०००।०० | |
| १९ | नामथर, जन्ममिति संशोधन, सनाखत, घटनादर्ता, स्थायी वसोवास प्रमाणित सिफारिश | २००।०० | |
| २० | सर्जमिन शुल्क | ५००।०० | |
| २१ | अमिन शुल्क प्रतिकित्ता | २,०००।०० | |
| २२ | विद्युत, खानेपानी, टेलिफोन जडान नामसारी सम्बन्धी सिफारिश | ३००।०० | |
| २३ | चारित्रिक सिफारिश | ५००।०० | |
| २४ | प्लटिङ जग्गा विकास<br>क. नयाँ बाटो निकास सेवा शुल्क<br>ख. अंशवण्डा प्रयोजनको लागि वाटो खोल्न<br>ग. चलनचल्तीमा रहेको नक्सामा कायम नभएको हकमा<br>घ. न्यूनतम ६ मिटर कायम गर्न | कुलजग्गाको मूल्याङ्कनको १ प्रतिशत<br>"   "   ०.५ प्रतिशत<br>"   "   ०.५ प्रतिशत<br>(तोकिएको समय पछि आउनेलाई)<br>३०००।०० | वडा कार्यालयको सिफारिश अनिवार्य |
| २५ | छात्रबृत्ति सम्बन्धी सिफारिश | निःशुल्क | |
| २६ | अन्य दस्तुर | | |
| १ | निवेदन दस्तुर | २०।०० | |
| २ | भवन निर्माण दरखास्त फाराम | ५००।०० | |
| ३ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १,०००।०० | |
| ४ | अविवाहित प्रमाणित दस्तुर | ५००।०० | |
| ५ | जन्म, मृत्यु, बसाईसराई र सम्बन्ध विच्छेद विलम्ब तथा प्रतिलिपि दस्तुर | ५०।०० | |
| ६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | ५००।०० | |
| ७ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनुसार | |

| क्र.स. | विवरण | दस्तुर | कै. |
|---|---|---|---|
| ८ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावली अनुसार | |
| ९ | कागजात नक्कल प्रतिपाना | कार्यालयले रु.२०।००<br>आफैले रु. १०।०० | |
| १० | घरपालुवा कुकुर दर्ता र  नविकरण | २००।००, ५०।०० | |
| ११ | मिलापत्र दस्तुर प्रतिपक्ष | ५००।०० | |
| १२ | हैसियत प्रमाणित | | |
| १ | ऋण तथ वैदेशिक रोजगारको लागि<br>क.  रु. १० लाख सम्म<br>ख. रु.१० लाख माथि प्रति १० लाखमा थप | १,०००।००<br>१,०००।०० | थपहुँदै जाने |
| २ | अध्ययनका लागि<br>क. रु. २० लाख सम्मको<br>ख. रु ३० लाख सम्मको<br>ग. रु ५० लाख सम्मको<br>घ. रु ५० लाख भन्दा बढी प्रति १० लाखमा | १,०००।००<br>१,५००।००<br>२,५००।००<br>४००।०० | थप हुँदै जाने |
| | नगरपालिकाले तत्काल धितो मूल्याङ्कन गरेको सिफारिश पुनः नविकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोको लागि दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ। | | प्रतिलिपि, नक्कल खिची |

**ख.**

## कालिका नगरपालिका स्तरीय स्वास्थ्य सेवा शुल्कको दर रेट

| S.N. | Particular | Rate | S.N. | Particular | Rate |
|---|---|---|---|---|---|
| 1 | USG | 600/- | 24 | TC | 30/- |
| 2 | ECG | 200/- | 25 | DC | 30/- |
| 3 | X-RAY | 150/- | 26 | HB | 30/- |

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | NEBULIZETON | 50/- | 27 | ESR | 30/- |
| 5 | PLATELETS | 30/- | 28 | STOOL R/E | 30/- |
| 6 | BLOOD SUGAR | 50/- | 29 | URINE R/E | 30/- |
| 7 | UREA | 50/- | 30 | OCCULT BLOOD TEST | 30/- |
| 8 | URIC ACID | 100/- | 31 | CBC | 100/- |
| 9 | BILIRUBIN | 100/- | 32 | TPHA | 200/- |
| 10 | CREATININE | 120/- | 33 | SGPT | 150/- |
| 11 | CHOLESTEROLE | 150/- | 34 | SGOT | 150/- |
| 12 | TRIGLYCERIDE | 150/- | 35 | ALKALINE PHOSPHATE | 150/- |
| 13 | RA FACTOR | 100/- | 36 | ANC PACKAGE | 390/- |
| 14 | ASO | 150/- | | SUGAR | |
| 15 | CRP | 150/- | | BLOOD | |
| 16 | VDRL | 50/- | | GROPING | |
| 17 | BLOOD GROUPING | 50/- | | URINE R/E<br>HBSG | |
| 18 | HCV | 200/- | | HCV | |
| 19 | HBSG | 200/- | | VDRL | |
| 20 | UPT | 50/- | | HIV | |
| 21 | WIDAL TEST | 100/- | 37 | MP | FREE |
| 22 | URINE FOR SUGAR | 30/- | 38 | SPUTUM TEST | FREE |
| 23 | SEMEN ANALYSIS | 100/- | 39 | HIV | FREE |

**ग. कालिका नगरपालिका कार्यालय अन्तर्गत पशु सेवातर्फको दैनिक पशुपंक्षि नाम दर्ता दररेट सेवाशुल्क दस्तुरः**

१. गाई, भैसी .................................. रु. १०।००

२. भेडा, बाख्रा, बङ्गुर ..............................रु. ५।००

३. घोडा, खच्चड, हात्ती ..............................रु. ५०।००

४. कुखुरा, हाँस .......................................रु. ५।००

५. कुकुर, बिरालो ...................................रु. २५।००

**प्रयोगशाला सेवाः**

१. गोवर परीक्षण बापत थप....................... रु. १०।००

२. पिसाव परीक्षण बापत थप......................रु. १०।००

३. दुध परीक्षण बापत थप .........................रु. १०।००

**शव परीक्षण/पोष्टमार्टम सेवा**

१. गाई, भैसी .................................. रु. १००।००

२. भेडा, बाख्रा, बङ्गुर ..............................रु. ५०।००

३. घोडा, खच्चड, हात्ती ..............................रु. २००।००

४. कुखुरा, हाँस .......................................रु. २०।०

५. कुकुर, बिरालो ...................................रु. १५०।००

कृतिम गर्भाधान सेवा.................................थप रु. २५।००

सिमेनको लागि

क्यासटेसन सेवा.......................................थप रु. १५।००

गर्भ परीक्षण सेवा ....................................थप रु. १०।००

## अनुसूची - ३

घरबहाल करः

१. घर बहालमा दिएको रकमको २ प्रतिशत घर बहाल कर लाग्ने छ ।

## अनुसूची - ४

### क. ब्यवसाय कर:

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | केबुल नेटवर्किङ | ५,०००।०० | ३,०००।०० | |
| २ | पुलबोर्ड (प्रति बोर्ड) | १,०००।०० | १००।०० | |
| ३ | भिडियो गेम (प्रति स्क्रिन) | ५००।०० | ३००।०० | |
| ४ | पुस्तक तथा पत्रिका पसल | १,०००।०० | ५००।०० | |
| ५ | नर्सरी र फलफुलका विरुवा विक्री वितरण | १,०००।०० | ५००।०० | |
| ६ | संस्थागत पेन्टर | १,०००।०० | ५००।०० | |
| ७ | तरकारी पसल | ५००।०० | ३००।०० | |
| ८ | बिज भण्डार | ५००।०० | ३००।०० | |
| ९ | मासु पसल | १,०००।०० | ५००।०० | |
| १० | कपडा सिलाई | ५००।०० | ३००।०० | |
| ११ | पोल्ट्री फर्म १००० सम्म | १,०००।०० | ५००।०० | |
| १२ | पोल्ट्री फर्म ५००० सम्म | २,०००।०० | १,०००।०० | |
| १३ | पोल्ट्री फर्म ५००० माथि | १५,०००।०० | ५,०००।०० | |
| १४ | हेयर कटिङ | ५००।०० | ३००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १५ | आर्ट | ५००।०० | ३००।०० | |
| १६ | फोटो स्टुडियो | ५००।०० | ३००।०० | |
| १७ | रङ्गरोगन पसल | १,०००।०० | ५००।०० | |
| १८ | चश्मा पसल | १,०००।०० | ५००।०० | |

**ख. सेवा**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | ड्राइभिङ इन्स्टिच्यूट | १,०००।०० | ५००।०० | |
| २ | चलचित्र मन्दिर (फिल्महल) | १,००,०००।०० | २५,०००।०० | |
| ३ | ल्याब तथा फोटो ग्राफी | २०,०००।०० | १०,०००।०० | |
| ४ | छापाखाना | १०,०००।०० | ३,०००।०० | |

**ग. कृषिः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | कृषिमा आधारित फर्म व्यवसाय | १,०००।०० | ५००।०० | |

**घ. उर्जामूलकः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | बायो ग्यास तथा सौर्य प्रविधि र अन्य स्रोतहरु | ५००।०० | ३००।०० | |

**ङ. उत्पादनमूलक उद्योगः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | पाउरोटी उद्योग | ५,०००।०० | ३,०००।०० | |
| २ | मिल (कुटानी पिसानी) | १०,०००।०० | ३,०००।०० | |
| ३ | आइसक्रिम उद्योग | ५,०००।०० | २,०००।०० | |

**च. बित्तीय सेवाः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | बित्तीय संस्था | ५,०००।०० | ३,०००।०० | |
| २ | सहकारी संस्था | ५,०००।०० | २,०००।०० | |
| ३ | रेमिटेन्स सेवा | ५,०००।०० | ३,०००।०० | |

**छ. स्वास्थ्य सेवाः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | निजी तथा गैरसरकारी अस्पताल | १०,०००।०० | ५,०००।०० | |
| २ | नर्सिङहोम | ५,०००।०० | ३,०००।०० | |
| ३ | क्लिनिक तथा ल्याब | ३,०००।०० | १,०००।०० | |
| ४ | दात बनाउने पसल | १,०००।०० | ५००।०० | |
| ५ | एग्रोभेट | १,०००।०० | ५००।०० | |

### ज. शिक्षा सेवाः

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | **निजीक्षेत्रका**<br>क्याम्पस<br>उ.मा.वि.<br>मा.वि. | <br>१,००,०००।००<br>७५,०००।००<br>५०,०००।०० | <br>३०,०००।००<br>२५,०००।००<br>१७,०००।०० | |
| २ | प्रा.वि. मन्टेश्वरी | २०,०००।०० | ७,०००।०० | |
| ३ | टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ५,०००।०० | ३,०००।०० | |
| ४ | सिलाई,बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १,०००।०० | ५००।०० | |
| ५ | टेक्निकल इन्स्टिच्यूट | ३,०००।०० | १,०००।०० | |
| ६ | निर्माण व्यवसायी कार्यालयमा दर्ता भएको निर्माण व्यवसायी | ३,०००।०० | १,०००।०० | |
| ७ | सञ्चार सेवा | | | |
| | निजिक्षेत्रका कुरियर, फ्याक्स, इमेल इन्टरनेट र टेलिफोन | १०००।०० | ५००।०० | |

### झ. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवाः

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक, कविराज) | १००००।०० | ८००।०० | |
| २ | ल फर्म | १,०००।०० | ५००।०० | |
| ३ | कन्सलटेन्सी फर्म (इन्जिनियर) | १,०००।०० | ८००।०० | |
| ४ | ज्योतिष | ५००।०० | ३००।०० | |
| ५ | अडिटर फर्म | १,०००।०० | ८००।०० | |

**ञ. अन्य व्यवसायः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कै |
|---|---|---|---|---|
| १ | कवाडी सामानको थोक विक्रेता | १०,०००।०० | ८,०००।०० | |
| २ | टेण्ट हाउस | ५००।०० | ३००।०० | |
| ३ | लण्ड्री पसल | ५००।०० | ३००।०० | |
| ४ | मादल पसल | ५००।०० | ३००।०० | |
| ५ | माटोको भाडा बनाउने | ५००।०० | ३००।०० | |
| ६ | मिठाई पसल | ५००।०० | ३००।०० | |

**ट. उद्योगः**

| | | | | |
|---|---|---|---|---|
| १ | कटिङ्ग ढुङ्गा उद्योग | ३,०००।०० | १,०००।०० | |
| २ | इट्टा भट्टा | २,००,०००।०० | ५०,०००।०० | |
| ३ | ह्याचरी | २५,०००।०० | १०,०००।०० | |
| ४ | पेट्रोल पम्प | १,००,०००।०० | २५,०००।०० | |
| ५ | सटर तथा ग्रिल उद्योग | ५०००।०० | ३,०००।०० | |
| ६ | ढुङ्गा, गिटी, बालुवा स्टोर | १०,०००।०० | ५,०००।०० | |
| ७ | रिङ तथा ब्लक उद्योग | ५,०००।०० | २,०००।०० | |
| ८ | क्रसर उद्योग | ५०,०००।०० | २०,०००।०० | |
| ९ | सःमिल ट्रली | ३०,०००।०० | १०,०००।०० | |
| १० | बेन्सो | २०,०००।०० | ५,०००।०० | |
| ११ | फर्निचर उद्योग | ५,०००।०० | २,०००।०० | |

**पूजिको आधारमा**

| | | | | |
|---|---|---|---|---|
| १ | कुल पूजि ०१ देखि ३ लाखसम्म | २,०००।०० | ५००।०० | |
| २ | ३ लाख देखि १० लाख सम्म | ५,०००।०० | १,०००।०० | |
| ३ | १० लाख देखि २० लाख सम्म | १०,०००।०० | २,५००।०० | |
| ४ | ५० लाख देखि १ करोड सम्म | १५,०००।०० | ३,०००।०० | |
| ५ | १ करोड देखि ५ करोड सम्म | २०,०००।०० | ५,०००।०० | |
| ६ | ५ करोड देखि १० करोड सम्म | ३०,०००।०० | १०,०००।०० | |
| ७ | १० करोड देखि ५० करोडसम्म | ५०,०००।०० | २५,०००।०० | |
| ८ | ५० करोड भन्दा माथि | १,००,०००।०० | ५०,०००।०० | |

## अनुसूची - ५

**सवारी साधन करः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | बस, ट्रक, लहरी, ट्रिपर | १,०००।०० | ५००।०० | |
| २ | टेक्टर | ५००।०० | ३००।०० | |
| ३ | टेम्पो/इरिक्सा | ५००।०० | २००।०० | |

## अनुसूची - ६

**विज्ञापन करः**

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ व.फु. सम्म | ५००।०० | २००।०० | पूर्व स्वीकृति विना राख्न नदिने |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ व.फु. भन्दामाथि | थप रु. २०।० प्रति व.फु. | थप रु. १० प्रति व.फु. | पूर्व स्वीकृति बीना राख्न नदिने |

## अनुसूची - ७

पर्यटन उद्योग तथा व्यवसायः

| क्र.स. | विवरण | दर्ता शुल्क | | नविकरण शुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख सम्म | ५ लाख माथि | ५ लाख सम्म | ५ लाख माथि | |
| १ | होमस्टे | ५००।०० | १,०००।०० | २००।०० | ३००।०० | |
| २ | होटल तथा लज | १,०००।०० | २,०००।०० | ५००।०० | १,०००।०० | |
| ३ | साधारण होटल तथा रेष्टुरेन्ट | ८,०००।०० | १,०००।०० | ४००।०० | ५००।०० | |
| ४ | पार्टी प्यालेस | १,०००।०० | २,०००।०० | ५००।०० | १,०००।०० | |

## अनुसूची - ८

ब्यापारिक वस्तुः

| क्र.स. | विवरण | दर्ता शुल्क | | नविकरण शुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख सम्म | ५ लाख माथि | ५ लाख सम्म | ५ लाख माथि | |
| १ | खाद्यान्न, किराना र कपडा डिलर | १,०००।०० | २,०००।०० | ५००।०० | १,०००।०० | |
| २ | खाद्यान्न, किराना र कपडा खुद्रा | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| ३ | विद्युतीय सामग्री | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |

| क्र.स. | विवरण | दर्ता शुल्क | | नविकरण शुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख सम्म | ५ लाख माथि | ५ लाख सम्म | ५ लाख माथि | |
| ४ | हेवी इक्विपमेन्ट, बस, ट्रक, कार आदि मर्मत कारखाना/केन्द्र | १,०००।०० | १,५००।०० | ५००।०० | ८००।०० | |
| ५ | निर्माण सामग्र विक्री पसल | १,५००।०० | २,०००।०० | ८००।०० | १,०००।०० | |
| ६ | ज्वेलरी पसल | १,०००।०० | १,५००।०० | ५००।०० | ८००।०० | |
| ७ | जुत्ता चप्पल पसल | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| ८ | सपिङ सेन्टर | १,५००।०० | २,०००।०० | ८००।०० | १,०००।०० | |
| ९ | श्रीङ्गार पसल | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| १० | भाँडा/गिफ्ट पसल | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| ११ | पुस्तक, पत्रिका पसल | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| १२ | नर्सरी, फलफुल विरुवा विक्री वितरण | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| १३ | तरकारी पसल | ३००।०० | ५००।०० | २००।०० | ३००।०० | |
| १४ | विउ बिजन भण्डार तथा कोल्डस्टोर | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |
| १५ | मासु पसल | ५००।०० | १,०००।०० | ३००।०० | ५००।०० | |

## अनुसूची - ९

प्राकृतिक साधन उपयोग करः

कालिमाटी र रातोमाटो प्रति घन मिटर रु. ५०।००

## अनुसूची - १०

**सरसफाई शुल्कः**

क. नियमित रुपमा सरसफाई हुने क्षेत्रमा प्रतिघर मासिक रु १००।००

ख. आंशिक रुपमा सरसफाई हुने क्षेत्रमा प्रति घर मासिक रु ५०।००

ग. ठुला होटल, नाई, हस्पिटल तथा क्लिनिक, प्रेश हाउस र ठुला तारकारी पसल व्यवसायहरुको मासिक रु. २००।००

घ. साना होटल तथा रेष्टुरेण्ट मासिक रु. १५०।००

**कालिका नगर सभाबाट पारित तल लेखिए बमोजिमको कालिका नगरपालिकाको बिनियोजन ऐन, २०७४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# कालिका नगरपालिकाको विनियोजन ऐन, २०७४

**प्रस्तावनाः**

कालिका नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कालिका नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कालिका नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४८,७३,०९,२११।०० (अक्षेरुपी अठचालिस करोड त्रिहत्तर लाख नौ हजार दुई सय एघार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

## ३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त कालिका नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची - १

(ऐनको दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ को (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकमः

रु. हजारमा

| क्र. स. | अनुदान सङ्ख्या | शिर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | २०,७३,५९,६२०।- | २७,९९,४९,५९१।- | - | ४८,७३,०९,२११।- |

आज्ञाले,

यज्ञ पुरी

प्रमुख प्रशासकीय अधिकृत